संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
# मुलुकी
राष्ट्रिय दैनिक
खबर
माझखर्क
साप्ताहिकको सह-प्रकाशन




■ बर्ष-१७, ▶▶ अंक २२ असोज ११ गते सोमबार,२०७८, September–27 Monday 2021 ,यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १० / - www.majhkharka.com

## नेपाली काँग्रेस उदयपुरमा बिदुर बस्नेत कि हिमाल कार्की ?

❖ बुद्धि कुमार राई

***उदयपुर, असोज १०***

नेपाली काङग्रेस उदयपुरको ४ नगरपालिका र ४ गाउपालिकाको सभापतिको टुङ्गो लागेको छ। नगरपालिका र गाउपालिका सभापतिको टुङ्गो लागे सङ्गै जिल्ला सभापति को हुन्छ भनेर अड्कल काट्न सहज बनेको छ।

चार नगरपालिकामा हिमाल कार्की प्यानलबाट त्रियुगा नगरपालिकामा प्रकाश खड्का, चोउदन्दिगढी नगरपालिकामा राजेन्द्र पौडेल, बेलका नगरपालिकामा अशोक कार्की र लिमचुङबुङ गाउपालिकामा नेत्र बहादुर कार्की निर्बाचित भएका छन्।

त्यस्तै बिदुर बस्नेत प्यानलबाट कटारी नगरपालिकामा प्रकाश थापा, रोउता गाउपालिकामा घमान सिङ मगर, उदयपुरगढी गाउपालिकामा याम पाण्डे र ताप्ली गाउपालिका मा दिप कुमार राष्कोटी निर्बाचित भएका छन्। यो नतिजाले बिदुर बस्नेत भन्दा हिमाल कार्की बलियो देखिएको छ। निर्बाचनको माहोल परिबर्तन नभएमा नतिजा दुबै जनाको पक्छमा देखिन्छ।

उदयपुर जिल्लाभर १३९३ जना छेत्रिय प्रतिनिधि रहेकोमा दुई वटा निर्बाचन छेत्र मध्ये १ नम्बर निर्बाचन छेत्रमा त्रियुगा नगरपालिकाबाट ३८२, बेलका नगरपालिकाबाट १४८ र चौदन्दीगढी नगरपालिकाबाट १८३ जना गरि जम्मा ७१३ जना छेत्रिय प्रतिनिधि रहेका छन। निर्बाचन छेत्र नम्बर१ मा हिमाल कार्की बलियो देखिएको छ। त्यस्तै हिमाल कार्की प्यानल निर्बाचन

*बाकी ३ पेजमा-*




## असोज १३ गते सांगीतिक कार्यक्रमसहित जितिया महत्सोव

❖ मुलुकी संवाददाता



***गाईघाट, असोज १०***

थारु समुदायहरुको बिषेश चाँड जितिया उदयपुरको गाईघाट थारुहट रंगशालामा असोज १३ गते भव्य हुने भएको छ।

जितिया महोत्सव मुल आयोजक कमिटि थारु कल्याणकारीणी सभा त्रियुगा नगरकमिटि उदयपुरको आयोजनामा बिभिन्न सांस्कृतिक कार्यक्रम सहित हुने भएको आयोजक कमिटिका अध्यक्ष देसुदास चौधरीले जानकारी दिए। आईतबार पत्रकार सम्मेलन गर्दै जिल्ला स्थरीय रुपमै थारुहट रंगशालामा जितिया महोत्सव भव्य हुने चौधरीले बताए।कार्यक्रममा राष्ट्रिय तथा अन्तराष्ट्रिय कलकारहरुले बेजोड प्रस्तुती दिने आयोजकले जनाएको छ।

नेपालको चर्चित गायीका अनु चौधरी, गायक नरेश जोगी जोशी लगायतको कलकारहरु महोत्सवमा आउने आयोजकले जनाए।थारु पहिचान र संस्कार संकृतिको जगेर्णामा सरकारले उत्ति चासो नदिएको भन्दै त्यसको दवाव स्वरुप पनि यो महोत्सव गर्न लागिएको अध्यक्ष चौधरीले बताए। कार्यक्रममा बिषेश व्यक्तिहरुले भाषा, संस्कृति र पहिचानको बारेमा आफ्नो मन्तव्यहरु पनि राख्ने छन्। औपचारिक रुपमा हुने कार्यक्रममा बिषेश व्यक्तिहरुको भनाई सहित थारुको भाषामा सरकारले चासो नदिएको र नेपालको धेरै भुभागमा थारुहरु रहेपनि भाषाको संरक्षणमा सरकारी निकाय लागि नपरेको भन्दै यसलाई यसै महोत्सव बाट दवाव दिने पनि आयोजकले जनाए।







मुलुकी दैनिकको मारि

मुलुकी दैनिक पत्रि

बितरकलाई पठाईदिन हुन ज

थप जानाक

**सम्पादकीय...**

# सार्बजनिक जग्गा मिच्नेलाई कार्वाही गर

उदयपुर जिल्लाको सदरमुकाम गाइघाटमा अहिले सार्बजनिक जग्गा मिचेर घर,भबन, नाली, सडक बनाउने क्रम बढेको छ । सार्बजनिक जग्गा मिचेर घर बन्ने क्रम जारी छ । अहिले गाइघाट बजारको विभिन्न ठाउहरु थरुहट रङ्गशाला मदन भण्डारि सभाहल बिपरित दिशामा रहेको जग्गा बिबाद, गाइघाट पिपलचोक पुर्वको नाली, गाइघाट असारी बरुवा खोला नजिकको सडक मिचेर बनाइएको समरचना केही उदाहरणहरु हुन । जग्गा मिच्नुको मुख्य कारण जग्गा नाप जाच नगरी धमाधम भबन बनाइनु प्रमुख कारण बनेको छ ।

पुरानो गाइघाट कै कुरा सुन्ने हो भने त्यस ठाउमा सार्बजनिक बाटो नै हराएको तथ्य फेला परेको छ। जसरी जग्गा किनबेच गर्दा नाप जाच गर्दा देखाइएको नक्शा र अहिले बनाएको भबन सडक नालिको नक्सा मेल खादैन । जग्गा किनबेच गर्दा देखाइएको नक्सा अनुसार घर बनाउदै आउदा अहिले एक ब्यक्तिले अर्को ब्यक्तिको जग्गा मिचेको पनि देखिन्छ । जग्गा समन्धी सरोकार राख्ने त्रियुगा नगरपालिका यस बिषय मा मोउन बस्नु किमार्थ पनि सहि हुनेछैन। जनप्रतिनिधिहरुले जनताको एक भोट को कारण जनता रिसाउलान कि भनेर यहि तरिकाले सडक,नाली बनाउदै जाने र नगरपालिकाले छुट दिदै जाने हो भने केही बर्ष पछि गाइघाट मा अराजकता मोउलाउने छ। सार्बजनिक सडक, बाटो, नालि मिच्ने काम तिब्र रुपमा वृद्धि हुनेछ।

अहिले नै बेलैमा सार्बजनिक जग्गा मिचेर बनाएका घर, नाली, भबन तुरुन्त भत्काउनु पर्दछ। गाइघाट बजार छेत्रमा सडक, नालिको भाग मिचेर बनाइएको सबै संरचनाहरु भत्काइनु पर्दछ। नगरपालिकाले भबन बनिसकेकाहरुलाइ छुट दियर सडक, नाली मिचेको पाइएमा हामी छाड्ने वाला छैन । जनप्रतिनिधिले भोट पाएर आफ्नो स्वार्थ चाहाना पूरा गर्छन। तर हामिले कोहि सङ्ग केही पाउनु छैन । हामी जनताको न्यायको लागि सधै खबरदारिमा रहनेछोउ । पुरानो गाइघाटको सडक मिचेर घर बनाइरहदा त्रियुगा नगरपालिका के हेरेर बस्यो ? नगरपालिकाको आफ्नो मातहतको जग्गा मिचेर घर बनाउनु दिनु न्यायिक थियो ? यसरी नै सार्बजनिक जग्गा, बाटो, सडक, नाली मिचेर भोउतिक पुर्बाधार बनाउनु दिने हो भने गाइघाटमा केही रहनेवाला छैन। यसो र पनि नगरपालिकाले आफ्नो कार्यछेत्र भित्रको जग्गा मिच्नेहरुलाई कारबाही गर्न जरुरी छ र गर्नुपर्दछ ।

# त्रियुगा कांग्रेस सभापतिमा प्रकाश खड्का, कार्की पक्ष सबल देखियो

मुलुकी संवाददाता
उदयपुर, असोज १०



नेपाली काँग्रेसको त्रियुगा नगर सभापतिमा प्रकाश खड्का विजयी भएका छन् । पार्टीको आसन्न १४ औं महाधिवेशनअन्तर्गत जिल्लाका ८ वटै स्थानीयतहमा गाउँ तथा नगर अधिवेशन सम्पन्न हुने क्रममा त्रियुगामा खड्काले सुमन चौधरीलाई पराजित गर्दै सभापति जितेका हुन् ।

४ नगरपालिका र ४ गाउँपालिका रहेको उदयपुरमा दुई गाउँपालिकामा निर्बिरोध र बाँकीमा चर्को प्रतिस्पर्धाका साथ शनिबार अधिवशेन सकिएको हो ।पार्टी जिल्ला कार्यालयका अनुसार आउँदो जिल्ला अधिवेशनमा पूर्व सभापति हिमाल कार्की र वर्तमान सभापति बिदुर बस्नेतबीच प्रतिस्पर्धा हुदैछ।

सोही अनुसार छुट्टाछुट्टै प्यानल खडा गरेर खडा भएका प्रतिस्पर्धीहरुले आईतबार विहानसम्ममा मैदान सफा गरिसकेका छन् ।कार्की र बस्नेत दुवै आउँदो जिल्ला अधिवेशनमा सभापतिको दावेदार हुन् ।

कार्की खेमालाई उदयपुर प्रतिनिधिसभा १ नं. का संघीय सांसद तथा नवनियुक्त: परराष्ट्र मन्त्री डा. नारायण खड्काको पनि सहयोग छ । शनिबार भएको ४ नगरपालिका र २ गाउँपालिकाको मत परिणामले कार्की पक्ष सबल देखिएको छ ।

कार्कीपक्षलाई त्रियुगा, चौदण्डीगढी, बेलका र लिमचुङबुङ गाउँपालिकाकमा सभापतिसहित प्यानलै हात परेको छ। बेलकामा अशोक कार्की पक्षले बस्नेत प्यानलका बाबुराम थापालाई ४८ मतका विरुद्ध ९७ मत पाएर प्यानलै जितेको छ।
कार्की ०७४ को स्थानीयतह निर्वाचनमा बेलका नगरपालिका मेयरका पराजित उम्मेदवारसमेत हुन् ।

त्यसैगरी चौदण्डीगढी नगरमा पनि कार्की पक्षकै राजेन्द्र पौडेलको प्यानल जितेको छ । उनले बस्नेत प्यानलका रामकुमार खड्कालाई पराजित गरेका हुन् ।१ सय ८३ मतदाता रहेको चौदण्डीगढीमा कार्की प्यानलका पौडेलले ९६ मत ल्याए भने बस्नेत प्यानलका खड्कालाई ७३ मत परेको पार्टी निर्वाचन समितिले जनाएको छ।

सबभन्दा बढी मतदाता रहेको सदरमुकामत्रियुगा नगरपालिकामा पनि कार्की प्यानलकै प्रकाश खड्का सभापतिसहित ७ सदस्यीय समितिमा ४ जना जितेका छन्। बाँकी ३ जना भने बस्नेत प्यानलका उम्मेदवार सुमन चौधरी खेमाकाले जितेका छन्। ३ सय ८२ मतमध्ये २० मतको अन्तरले चौधरीलाई पराजित गर्दै खड्का सभापति जितेका हुन् । उता कटारी नगरपालिकामा भने बस्नेत प्यानलका प्रकाश थापा सभापतिसहित प्यानलै जितेका छन्। क्टारीमा कार्की प्यानलका प्रेम थापाले ८२ मत पाउँदा बस्नेत प्यानलका प्रकाश थापाले १ सय ४९ मत ल्याएका छन् । गाउँपालिकातर्फ रौतामाईमा बस्नेत प्यानलकै घमानसिंह थापामगर सभापति जितेका छन् । उनले कार्की प्यानलका टेकबहादुर दाहाललाई ७३ विरुद्ध ९६ मत ल्याएर सभापति हात पारेका हुन् ।

त्यसैगरी अर्को गाउँपालिका लिमचुङबुङमा कार्की प्यानलकै नेत्र कार्कीले सुनिल राईलाई पराजित गरेर सभापति हात पारेका छन् । ८२ मतदाता रहेको लिमचुङबुङमा प्रतिस्पर्धीबीच दुई मतको मात्र फरकले कार्कीले सभापति उछिट्याएका हुन्।

अर्को गाउँपालिका ताप्ली र उदयपुरगढीमा भने सभापतिलगायत अन्य पदाधिकारी पनि निर्बिरोध चयन भएको पार्टीले जनाएको छ । उदयपुरगढी सभापतिमा यमबहादुर पाण्डे र ताप्ली गाउँ सभापतिमा दिपबहादुर रास्कोटी ठकुरी निर्बिरोध निर्वाचित भएका छन्।

नगर गाउँ अधिवेशन सकिएप छि क्षेत्रीय अविधेशनको तयारीमा पार्टी लाग्ने जिल्ला सभापतिका आकांक्षी हिमाल कार्कीले बताए ।

# गाईघाट बजार मा असोज खुद्रा तरकारी बजार

| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १५, काँक्रा | रु ५० |
| २, अदुवा | रु १२० | १६, धनियाँ | रु १०० |
| ३, टमाटर | रु ४० | १७, लोकल बोडी | रु १४० |
| ४, बन्दा | रु ४० | १८, खर्बुजा | रु ४० |
| ५, भेन्टा | रु १०० | १९, रायो साग | रु २०० |
| ६, खुर्सानी | रु १६० | २०, लट्टे साग | रु १२० |
| ७, मुला | रु ६० | २१, प्याज | रु ६० |
| ८, पर्बल | रु १०० | २२, निगुरो | रु ६० |
| ९, तितेकरेला | रु १०० | २३ दुध | रु. ७० |
| १०, भिन्डी | रु ६० | २४, दही | रु ९० |
| ११, च्याउ | रु २४० | २५, मोही | रु ५० |
| १२, काउली | रु १६० | २६, घ्यु | रु ७०० |
| १३, फर्सी | रु ५० | २७, राँगाको मासु | रु ४०० |
| १४, कटहर | रु ४० | २८, बंगुरको मासु | रु ४०० |







| | |
|---|---|
| गाईघाट-कदमाहा | ८७.४९ |
| गाईघाट-लहान | १००.९५ |
| गाईघाट-रुपनी | १५९.८६ |
| गाईघाट-राजबबीराज | १८५.०९ |
| गाईघाट-ईटहरी | ३३७.९२ |
| गाईघाट-धरान | ३७१.२० |
| गाईघाट-बीराटनगर | ३८२।७२ |
| गाईघाट-बीर्तामोड | ५३८.४८ |
| गाईघाट-काकडभीठा | ५५६.८० |
| गाईघाट-मींचैया | १६८.२७ |
| गाईघाट-कटारी | २५२.४० |
| गाईघाट-ढल्केवर | २६०.८३ |
| गाईघाट-जनकपुर | ३०१.३१ |
| गाईघाट-चन्द्रनीगाहपुर | ३९५.४४ |
| गाईघाट-पथलैया | ५०४.८२ |
| गाईघाट-बीरगन्ज | ५८०.१० |
| गाईघाट -हेटौडा | ५९६.९ |
| गाईघाट -नारायणघाट | ७४०.४ |
| गाईघाट- काठमाण्डौं | ११३९.७ |
| गाईघाट -पोखरा | १०९०.२१ |
| गाईघाट-जलजले चुहाडे | ४४.८० |
| गाईघाट-कालीखोला | ६४.०० |
| गाईघाट-होक्से | ७६.८० |
| गाईघाट -नाम्जे | ८९.६० |
| गाईघाट-कौवाई | ११५.२० |
| गाईघाट -मुर्कुची | १२८.०० |
| गाईघाट-अधेरी | १५३.६० |
| गाईघाट -फर्से | १६६.४० |
| गाईघाट -देउराली | १७९.२० |
| गाईघाट -नेपालटार | १९२.०० |
| गाईघाट -रामपुर | ३२१.२८ |
| गाईघाट- जाँते | ७६८.०० |

# नेपाली...

छेत्र नम्बर २ को लिमचुङबुङ गाउपालिकामा समेत निर्बाचन जित्न सफल भएका छन । छेत्र नम्बर१ को ७१३ मा लिमचुङबुङ गाउपालिकाको ८३ थप्दा ७९६ मत हिमाल कार्की प्यानलमा जान्छ। ४ नगरपालिकामा कटारी नगरपालिका र बाकी ३ गाउपालिकामा बिदुर बस्नेत टिमले निर्बाचन जित्दा बस्नेत प्यानल पनि कमजोर भने छैन । निर्बाचन छेत्र नम्बर दुई अन्तर्गत कटारी नगरपालिकाबाट २६०, उदयपुरगढी गाउपालिकाबाट १२९, रोउतामाइ गाउपालिकाबाट १२७, ताप्ली गाउपालिकाबाट ८१ र लिमचुङबुङ गाउपालिकाबाट ८३ जना गरि जम्मा ६८० मतमा लिमचुङुङ गाउपालिकाको ८३ मत काट्दा बिदुर बस्नेत प्यानलमा ५९७ मत बस्नेत पक्छमा रहेको छ ।

नगरपालिका र गाउपालिकाको नै निर्बाचनको स्थिती कायम रहे हिमाल कार्की टिम बलियो देखिन्छ। शनिबार सम्पन्न निर्बाचनले सबैभन्दा बढी ३८२ जना छेत्रीय सदस्य रहेको त्रियुगा नगरपालिकाको सभापतिमा प्रकाश खड्का १९५ मत पायर बिजयी भए । उनका प्रतिद्वन्दी सुमन चोउधरिले १८३ मत पाए ।त्रियुगा नगरपालिकाको सभापतीमा बिजयी खड्का हिमाल कार्की टिमका हुन। त्यस्तै चोउदन्दी नगरपालिकामा राजेन्द्र पौडेल सभापतिमा बिजयी भएका छन । चोउदन्दीगढी नगरपालिकामा १८३ मत मध्ये हिमाल कार्की टिमका बिजयि पौडेलले ९६ मत पाई बिजयी भए । उनका प्रतिद्वन्दी बिदुर बस्नेत टिमका राम कुमार खड्का ७३ मत पाए। १४ मत बदर भएको थियो । जिल्लाको बेलका नगरपालिकामा पनि हिमाल कार्की टिमका अशोक कार्की सभापतिमा निर्बाचित भएका छन ।

१४८ जना छेत्रीय प्रतिनिधि रहेको बेलकामा बिजयी कार्किले ९७ मत पाए भने प्रतिद्वन्दी बाबुराम थापाले ४८ मत पायर पराजय भए ।जिल्लाको पश्चिमि नगरपालिकामा बिदुर बस्नेत टिमका प्रकाश थापा बिजयी भएका छन । उनले प्रतिद्वन्दी हिमाल कार्की टिमका प्रेम थापालाइ उछिनेका हुन । चार गाउपालिकाहरुमा तीन गाउपालिका बिदुर बस्नेत र एक गाउपालिका हिमाल कार्की टिमले जितेको छ । जिल्लाको उत्तरी लिमचुङबुङ गाउपालिकामा हिमाल कार्कीको जन्मथलो भएका कारण पनि उनका टिमका नेत्र कार्की बिजयी भए उनले प्रतिद्वन्दी बिदुर बस्नेत टिमका सुनिल राईलाई पराजित गरेका हुन । अन्य बाकी ३ गाउपालिकामा बिदुर बस्नेत टिमका ताप्ली गाउपालिकामा दिप कुमार रास्कोटि सर्बसम्मत निर्बाचित भए । प्रतिद्वन्दी हिमाल कार्की टिमका माधब रास्कोटिले छाडेका थिए ।

उदपपुरगढी गाउपालिकामा बस्नेत टिमका याम पाण्डे बिजयी भए । रोउता गाउपालिकामा बस्नेत टिमका घमान सिङ मगर बिजयी भए उनले कार्की टिमका टेक बहादुर दाहाललाई पराजित गरे । अन्य नगरपालिका तथा गाउपालिकामा प्यानल नै बिजयी भए पनि जिल्लाको सदरमुकाम रहेको त्रियुगा नगरपालिका गाइघाटमा मिश्रित नतिजा आएको छ ।

दुई उपसभापतिमा बिदुर बस्नेत टिमका सुमन चौधरी प्यानलका उमेश कुमार बुढाथोकी र शर्मिला थापा बिजयी भएका छन। बुढाथोकीले १८४ र थापाले १८५ मत पाए । उनका प्रतिद्वन्दी हिमाल कार्की टिमका प्रकाश खड्का प्यानलका नीर बहादुर आले मगरले १७९ र गणिता कुमारी चौधरिले १६६ मत पाएर पराजित भए। दुइ सचिबमा प्रकाश खड्का प्यानलका केशब कुमार पौडेल र सुमन चौधरी टिमका रुद्र प्रसाद पोखरेल बिजयी भय। बिजयो पौडेलले १८६ र पोखरेलले १८२ मत पाए ।

प्रतिद्वन्दी सुमन चौधरी टिमका धन बहादुर कटुवालले १८२ र प्रकाश खड्का प्यानलका भबिन्द्र राइले १६१ मत पाएर पराजित बने। अन्य दुई सह सचिब मा सुमन चौधरी प्यानलका किरण कुमार कोदारिले १८१ मत पाई बिजयी भए । उनका प्रतिद्वन्दी अर्जुन राउतले १८० मत पाए । दोस्रो सह सचिबमा प्रकाश खड्का प्यानलका फुल कुमारी अधिकारी बिजयी भइन । अधिकारीले २०५ मत पायर बिजयी भइन भने उनका प्रतिद्वन्दी नवीन राई १४२ मत पाएर पराजित भए ।

नेपाली काङ्ग्रेस कटारी नगरपालिकाको निर्वाचनबाट बिदुर बस्नेत प्यानलका प्रकाश थापाको प्यानल नै निर्वाचित भएको छ। निर्वाचनको मत परिणाम बाट सभापतिमा १४९ मत सहित प्रकाश थापा निर्वाचित भए । सभापतिका प्रतिष्पर्धि प्रेम बहादुर थापाले ९२ मत प्राप्त गरेर पराजित बने । त्यसैगरी उपसभापतिमा उमेश कार्की १५९ मत र विनोद श्रेष्ठ १३९ मत सहित निर्वाचित हुँदा प्रतिष्पर्धि बिरकुमारी सुवेदीले ८८ र मधु कुमार धमलाले ५३ मत प्राप्त गरे । सचिवमा उत्तरकुमार राई१४५ मत र फुर्वा तामाङ्ग १२६ मत सहित विजयी हुँदा प्रतिष्पर्धि अस्मित पौडेलले ११० र सुर्यबहादुर थापा मगरले ५३ मत प्राप्तगरे । दुइ सह सचिवमा १३५ मत सहित दिलबहादुर थापा र १३० मत सहित मिनकुमार आले मगर निरबाचित भए ।

सह सचिबका प्रतिस्पर्धिहरु डिकबहादुर श्रेष्ठले ७४, रुक्जा राईले ७४ र पुरुषोत्तम अधिकारीले १६ मत प्राप्त गरेका थिय । २६० मत रहेको कटारी नगरपालिकामा निर्वाचनमा जम्मा २५६ मत खसेको थियो । बेलका नगरपालिकामा भएको निर्बाचनमा हिमाल कार्की प्यानलका अशोक कार्की प्यानल बिजयी भएको छ । कुल १४८ मतमा कार्किले ९७ मत पायर बिजयी भए भने प्रतिद्वन्दी बाबुराम थापाले ४८ मत पाए । अन्य पदाधिकारिमा अशोक कार्की प्यानलका उपसभापतिमा राजेन्द्र तामाङ र गोपाल माझी, सचिवमा माया ओलि र प्रकाश चौधरी , सह सचीवमा सन्तोष थापा र देब्रेन्द्र राईले जित हासिल गरेका हुन ।

चाैउदन्दी नगरपालिकामा भएको निर्बाचनमा हिमाल कार्की प्यानलका राजेन्द्र पौडेलको प्यानल विजयी भएको छ । पौडेलले ९६ मत प्राप्त गरी नगर सभापतिमा विजयी भएका हुन ।सभापतिका अर्का प्रत्यासी रामकुमार खड्काले ७३ मत प्राप्त गेरर पराजित बने। उप - सभापति पदमा पवन कार्कीले १ सय १० मत, नारायणप्रशाद चौधरी ९४ मत प्राप्त गरि बिजयी बने । उपसभापतिका प्रतिद्वन्दी खड्का समूहका अञ्जनीकुमार अधिकारी ४७ मत र गोमा सेढाइले ७१ मत प्राप्त गरि पराजित बने ।


सचिव पदमा दिपक राउत ९९ मत र रोहितमान तामाङ ९९ मत प्राप्त गरी विजयी भएका हुन । उनीहरुका प्रत्यासीहरु केदार केसी ६९ मत र शुसिल राईले ६१ मत प्राप्तगरी पराजय भएका हुन ।
त्यस्तै सह-सचिवमा पौडेल समूहका मिना बञ्जरा १ सय ६ मत र राकेश हुजदारले १ सय ७ मत प्राप्तगरी विजयी भएका छन् । उनका प्रत्यासीहरु गौतम राई ५२ मत र बुद्धहाङ राईले ६४ मत प्राप्त गरि पराजित बने ।










# साफको लागि नेपालको अन्तिम

❖ बिबेक राई

*काठमाडौं, असोज १०*

आउँदै गरेको साफ च्याम्पियनसिपको लागि भनेर नेपाली पुरुष राष्ट्रिय फुटबल टोलीको अन्तिम २३ सदस्यीय टोलीको टुंगो लागेको छ । साफकै तयारिको लागि भनेर नेपाली टोली अहिले कुवेतमा बन्द प्रशिक्षणमा व्यस्त छ ।

बन्द प्रशिक्षणमा रहेकै बेला मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीले नेपालको लागि पूर्ण र अन्तिम टोलीको घोषणा गरेका हुन् । कुवेती प्रशिक्षक अल्मुताइरीले नेपाली टोलीबाट दुई खेलाडी घटाउँदै अन्तिम टोलीको छनौट गरेका हुन् । उनले गरेको छनौटमा राजन गुरुङ र गोलरक्षक विकेश कुथुले टोलीमा स्थान बनाउन सकेनन् । टोलीमा अन्तिम स्थान बनाउन सफल खेलाडीहरुमध्ये तीनजना गोलरक्षक नै छन् । कप्तान तथा गोलरक्षक किरण लिम्बू, दिप कार्की र विशाल श्रेष्ठ गरि तीन गोलरक्षकले टोलीमा स्थान बनाउन सफल भए ।

दिनेश राजवंशी, सुरज ज्यू ठकुरी, अनन्त तामाङ, गौतम श्रेष्ठ, सुमन अर्याल, नितिन थापा, विशाल राई, सुनिल बल, आशिष लामा, पुजन उपरकोटी, सुमन लामा र तेज तामाङ पनि टोलीमा परेका छन् । अञ्जन विष्ट, सुजल श्रेष्ठ, सन्तोष तामाङ, नवयुग श्रेष्ठ, आयुष घलान, मनिष डाँगी, रोहित चन्द र कमल थापा पनि टोलीमा अटाइएको छ । प्रशिक्षक अल्मुताइरीले विभिन्न चरणबाट खेलाडी छनौट गर्दै २५ सदस्यीय टोलीको छनौट गरेका थिए । उनले साफ लक्षित भन्दै

> *बन्द प्रशिक्षणमा रहेकै बेला मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीले नेपालको लागि पूर्ण र अन्तिम टोलीको घोषणा गरेका हुन् । कुवेती प्रशिक्षक अल्मुताइरीले नेपाली टोलीबाट दुई खेलाडी घटाउँदै अन्तिम टोलीको छनौट गरेका हुन्*

उक्त टोलीको छनौट अनि अभ्यास पनि गराएका थिए । साफ लक्षित भन्दै त्यही टोली लिएर उनले भारतसँग नेपालमै दुई मैत्रीपूर्ण खेल पनि खेलेका थिए । भारतसँगको उक्त मैत्रीपूर्ण खेलमा नेपालले बराबरी र हार खेलेको थियो ।

पहिलो खेलमा १-१ को बराबरी खेलेपनि दोस्रो मैत्रीपूर्ण खेलमा भारतसँग २-१ को हार व्योहोरेको थियो । यी दुई मैत्रीपूर्ण खेले खेलिसकेपछि नेपाल साफ तयारिकै लागि भनेर थप अभ्यासको लागि कतारको राजधानी दोहा गएको थियो । दोहामा बन्द प्रशिक्षणको अन्त्य हुँदै गर्दा नेपाली टोलीलाई २५ बाट २३ सदस्यीयमा झारिएको हो । यहि टोलीले आईतबार ओमनसँग मैत्रीपूर्ण खेलपनि खेल्ने भएको छ । यो समाचार तयार पार्दासम्म नेपाल र ओमनबीचको मैत्रीपूर्ण खेल सुरु भइसकेको छ ।

खेल मध्यरातको समयतिर सकिने भएकोले यसको नतिजा र समाचार पछि प्रकाशित हुनेछ । यो मैत्रीपूर्ण खेल नै नेपालको साफको लागि अन्तिम मैत्रीपूर्ण खेल हुनेछ । प्रशिक्षक अल्मुताइरीले पनि यो नेपालको साफ अघाडिको अन्तिम पाठ तथा सिकाइ हुने बताएका छन् ।

तर नेपालले ओमनसँगको अहिलेसम्मको सबैखाले गरि भएको ११ भेटमा पराजितमात्र भएको छ । नेपाल र ओमनको पहिलो भेट १९८२ मा पाकिस्तानमा भएको एक अन्तर्राष्ट्रिय कपमा भएको थियो जसमा नेपाल १-० ले पराजित भएको थियो ।

त्यसपछि नेपाल र ओमनको भेट १९८४ मा साउदी अरबमा एएफसी एशियन कप छनौटमा भएको थियो । यो नै नेपाल र ओमनबीचको पहिलो आधिकारिक खेल थियो । यसमा नेपाल ८-० को फराकिलो अन्तरले पराजित भएको थियो र यो नै नेपालको ओमनविरुद्धको अहिलेसम्मको सबैभन्दा खराब नतिजा हो । नेपाल र ओमनको पछिल्लो भेट २००७ मा विश्वकप छनौटमा भएको थियो । त्यतिबेला नेपालले आफ्नै घरेलु मैदानमा २-० को हार व्योहोरेको थियो ।

त्यसपछि अहिले आएर १४ वर्षपछि यी दुई टोली एकअर्काविरुद्ध आमने सामने हुँदैछन् । फिफा वरियतामा ९० स्थानमाथिको ओमनविरुद्ध नेपाललाई बराबरीको नतिजामात्र पनि ठुलो सफलता हुनेछ । फिफा वरियतामा नेपाल १६८ औं स्थानमा छभने ओमन ७८ औं स्थानमा छ । ओमनसँगको मैत्रीपूर्ण खेलपछि नेपाली टोली साफ च्याम्पियनसिप खेल्नु माल्दिभ्स जानेछ । नेपालले अन्तिम टोली घोषणा गरेकै दिन भारतले पनि साफकै लागि भनेर सुनिल क्षेत्रीको कप्तानीमा २३ सदस्यीय टोली घोषणा गरेकोछ ।















माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट